# पूर्वखोला गाउंपालिकाको नवौं गाउंसभामा गाउंपालिकाका अध्यक्ष श्री नुन वहादुर थापा द्धारा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम

## पूर्वखोला गाउँपालिका , पाल्पा

मिति : २०७८ असार १० गते

***"शिक्षा, स्वास्थ्य सडक, कृषि पर्यटन सहितको पूर्वाधार, पूर्वखोला विकासको आधार"***

**पूर्वखोला गाउँपालिकाका अध्यक्ष श्री नुन वहादुर थापा ज्यू द्वारा पूर्वखोला गाउँसभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम**

**(२०७८ असार १० गते)**

## नवौं गाउंसभाका सभाध्यक्ष ज्यू

.........................................................................................................................................................

.........................................................................................................................................................

.........................................................................................................................................................

पूर्वखोला गाउँपालिकाको नवौं गाउँ सभामा आ.व ०७८।०७९ को लागि बजेट नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको अध्यक्षको हैसियतले यहां उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा,वेपत्ता नागरिक एवं अग्रज योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**श्रद्धेय अतिथी गण तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

पाल्पा जिल्लाको दशवटा स्थानीय तहहरु मध्ये यस पूर्वखोला गाउँपालिका जिल्ला सदरमुकाम देखि करिव ४० किलोमिटर टाढा प्राकृतिक सम्पदाले भरिपूर्ण भएर वसेको छ । नेपालको संविधान २०७२ को संघीय संरचना अनुसार साविकको सिलुवा,जल्पा, रिड्नेरह देविनगर, विरकोट र हेक्लाड (१-८) गा.वि.स मिलेर यस पूर्वखोला गाउँपालिका बनेको हो ।

२०६८ को जनगणनाअनुसार १९५८९ जनसंख्या रहेको यस गाउँपालिकाको पूर्वमा निस्दी गाउँपालिका र रामपुर नगरपालिका, पश्चिममा रम्भा गाउँपालिका र माथागढी गाउंपालिका, उत्तरमा रामपुर नगरपालिका र रम्भा गाउंपालिका र दक्षिणमा माथागढी गाउँपालिका र निस्दी गाउंपालिका रहेको छ । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि विकास निर्माणको लागि हाम्रा सामु धेरै चुनौतीहरु रहेका छन । चारैतिर जिल्लाका विभिन्न स्थानीय तहहरुले घेरिएको यस गाउँपालिका कतिपय अवस्थामा छिमेकी स्थानीय तहहरुले लिने नीति तथा कार्यक्रमसँग समन्वय हुनेगरी अगाडी वढ्नुपर्ने बाध्यात्मक परिस्थिती रहेको छ । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि तथा पशु पालनक्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी नागरिकहरुलाई सेवाप्रवाहमा प्रभावकारीता कायम गर्ने, आन्तरिक पर्यटन विकासबाट लाभ लिई आर्थिक गतिविधीको विकास गराउने, वनजंगलको संरक्षणगर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै सामाजिक रुपान्तरणवाट अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर तर्फ उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् । अर्कोतिर हाल विश्वको चुनौती वनेको कोरोना भाइरस (कोभिड 19 दोस्रो लहर) २०७६ चैत्र देखि आज सम्म हाम्रो लागि चुनौती वनेर अगाडी आएको छ । यस सन्दर्भमा विकास निर्माणमा खर्च गर्नुपर्ने वजेटको केहि हिस्सा जनताको स्वास्थ्य सम्वन्धी कार्यमा खर्च गरेर भए पनि अगाडी वढ्नु पर्ने भएकोले हामी सवै त्यस तर्फ सचेत भएर कार्य गर्दै आएका छौ । कोरोना भाइरसको कारण मृत्यु हुने परिवार सदस्यहरुलाई हार्दिक श्रदान्जली प्रकट गर्दै संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उचित व्यवस्थापनको कार्यक्रम भइरहेको साथै कोभिड नियन्त्रण र रोकथामका लागि पालिकाको मध्यनजर रहने नै छ भन्ने कुरा विश्वस्त दिलाउन चाहन्छु ।

त्यसैगरी, थुप्रै चुनौती हुंदाहुँदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत साधनले भरीपुर्ण, खाद्यान्नमा धान, मकै, कोदो, तरकारी, मासु, तेजपात, अम्लिसो, अदुवा, गेडागुडी आदीको उत्पादन, चुनढुंगाको खानी, कला र संस्कृती, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता, विस्तारित सडक, समग्र विकासको लागि पूर्वखोला गाउँपालिकावाट पारित भएका ऐन, कानुन, नियमावली र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरीय सेवादिने सक्षम तथा सवल कर्मचारी संयन्त्र र अभिभावको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासका संवाहक हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै पूर्वखोला गाउँपालिकाको विकास निर्माणमा सबैको साथ र सहयोग अपरिहार्य रहेको छ ।

स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधानले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको जनमतले हामी निर्वाचित भई यस पूर्वखोला गाउँपालिकाको नेतृत्व सम्हालेका छौं । यस अवधि सम्म आइपुग्दा लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा सदैव प्रयत्नशील छौं, रहने छौं ।

करिव ४ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामीलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत गाउंपालिकालाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको ***"समृद्ध नेपाल, सुखी नेपाली" तथा प्रदेश सरकारको "सम्वृद्ध प्रदेश खुशी जनता"*** भन्ने नारालाई आत्मसात गर्दै यस पूर्वखोला गाउँपालिका भित्रका नागरिकहरुलाई समृद्ध र सुखी वनाउन***"सुखी गाउँबासी, समृद्ध पूर्वखोला"***लक्ष्यका साथ योजनाबद्ध विकासको बाटोमा अघि बढ्न हामी सवै यस पूर्वखोला गाउँपालिकाको चौतर्फी परिवर्तनको लागि एकजुटभई अगाडि बढ्ने प्रण गरौं ।

**श्रद्धेय गाउँसभाका सदस्य ज्यूहरु,**

**अब म यस गाउँपालिकाको आ.व. ०७८।०७९ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

**१.आर्थिक विकास**

**क) कृषि तथा पशु विकास नीति**

- **"एक वडा एक उत्पादन"** को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्वखोला गाउँपालिका भित्र उत्पादन हुने कृषि तथा पशु जन्य वस्तुहरुको प्रवर्द्धन गर्दै सो को बजारिकरणको लागि संघ, प्रदेश सरकार र विभिन्न संघ संस्थाहरु संग साझेदारी गरिनेछ ।
- उत्कृष्ट कृषक तथा कृषक समुहलाई उत्पादनमा आधारित प्रोत्साहन तथा सम्मान स्वरुप पुरस्कृत गरिनेछ ।
- **"घर एक, फलफुलका वोट अनेक"** अभियान संचालन गर्नको लागि फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाका सवै वडाहरुलाई लक्षित गरी संभाव्यताको आधारमा सुन्तला, कागती, किवी र अदुवाको पकेट क्षेत्र विस्तार गरिनेछ ।
- कृषि व्यवसायलाई आत्म निर्भर वनाउन गाउँपालिका स्तरीय नर्सरी स्थापना गर्ने नीति लिइनेछ ।
- विषादी रहित कृषि उपज उत्पादनको लागि एकिकृत शत्रु जीव व्यवस्थापन (कृषक पाठशाला) कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- यहाको हावापानी सुहाउंदो नयां जातका फलफुलका विरुवाको खोजिगरी कृषकहरुलाई लगाउन प्रोत्साहन गरिनेछ ।
- रेम्वो ट्राउट, कार्प जातका माछा पालन कार्यक्रमलाई संभाव्यताको आधारमा संचालन गरिनेछ ।
- ***"आफ्नो गाउँ आफै वनाऔं, मिलीजुली वसौं सवै संगै रमाउ "*** भन्ने नारालाई अवलम्वन गर्दै सामुहिक र व्यवसायिक कृषि तथा पशुपालन व्यवसायमा जोड दिइनेछ ।
- **कृषि क्षेत्रको आर्थिक विकासका लागि विदेशबाट फर्किएका कोरोना प्रभावित युवा विशेष कार्यकम, युवा उद्यमशिलता विकास तथा विभिन्न बालीका पकेट क्षेत्र विशेष विभिन्न कृषि प्रबर्द्धनात्मक कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।**
- **उच्च मुल्यका कृषि उपजहरुको (टिमुर, सूर्यमुखी, कुरिलो, सिताके च्याउ, आदि ) उत्पादन बृद्धि गर्न आबश्यक अध्ययन परीक्षणका पकेट कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईने छ ।**
- **यस पालिकाको मुख्य खाद्यान्न मकै बालीको उत्पादन र उत्पादकत्व बढाउन मकैको प्रथम पुस्ता तहको गुणस्तरिय बीउ उत्पादन गरी कृषकहरु बीच सहज उपलब्धताको कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।**
- **कृषि क्षेत्रको व्यवसायिकरण र यान्त्रिकरणकोलागि दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै उत्पादनको आधारमा अनुदान दिने नीतिलाई अगाडी वढाइनेछ ।**
- **बढि मुल्य पर्ने र पोषणयुक्त स्थानिय रैथाने बाली बस्तुहरुको संरक्षण तथा उत्पादन प्रबर्द्धन गरिने छ**
- **कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुपंक्षीहरुको संख्यामा बृद्धि गरिने छ ।**
- **बांझो जमिन तथा सामुदायिक वनहरुमा पोषिलो घाँस उत्पादन गर्न प्रोत्साहित गरिने छ**

- **भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ। साथै पशु तथा कृषि विकास सम्बन्धी प्राविधिक ज्ञानलाई सर्वसुलभ बनाइने छ।**
- **व्यवसायिक पशुपंक्षीपालनलाई उत्पादनमा आधारित मापदण्ड वनाई अनुदानको व्यवस्था मिलाइनेछ।**
- **कृषि व्यवसायीकरणको लागि कृषि उपज संकलन केन्द्र स्थापनालाई जोड दिइनेछ।**

**ख) सहकारी तथा गरिबी निवारण :**

- सहकारीको महत्व तथा अवधारणालाई वडा तह सम्म पुर्याइनेछ। साथै सहकारी संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।
- उत्कृष्ट रुपमा काम गरेका सहकारी तथा समूहहरुको पहिचान गरी पुरस्कृत गरिनेछ।
- गाउंपालिका भित्र गरिव घरधुरी पहिचानको लागि संकलित तथ्यांकको आधारमा केन्द्र संग समन्वय गरी परिचय पत्र वितरणको लागि पहल गरिनेछ।
- यस गाउँपालिका भित्र गरिवी निवारण तथा आय आर्जनमा सहयोग पु-याउने खालका विभिन्न कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। साथै उक्त कार्यको लागि सामाजिक परिचालनमा विशेष जोड दिइनेछ।
- गाउंपालिकाको वडा नं १ पाङजुङ तथा वडा नं २ को साठिकोलमा नमूनाको रुपमा संचालित **ग्रामिण विकास कार्यक्रम** र वडा नं ३ र वडा नं ५ संचालित **गाउं विकास कार्यक्रमलाई** निरन्तरता दिइनेछ।
- प्रदेश सरकार संगको समन्वयमा यस गाउंपालिका भित्र विभिन्न वस्तीहरु छनौट गरी मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- गाउंपालिका भित्र भूमिहीन सुकम्वासी र अव्यवस्थित घर जग्गाको सूची तयार गरी समस्या समाधान गर्न जोड दिइनेछ ।
- संघीय सरकारको आर्थिक सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गरिनेछ।

**ग) घरेलु तथा साना उद्योग :**

- लोप हुनलागेका स्थानीय सिपहरुको खोजी गरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालनको लागि पहल गरिने छ।
- वेरोजगारलाई स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, हाउस वायरिङ, घरेलु ढाका वुनाई लगायतका विभिन्न सिपमुलक तालिमहरु आवश्यकता र ओचित्यताको आधारमा संचालन गरि स्वरोजगार गराउन पहल गरिने छ।
- जमले क्षेत्रमा ढूंगा कटिङ उद्योग संचालनको लागि संभाव्यता अध्ययन गरिनेछ।

**घ) पर्यटन नीति :**

- गाउंपालिका भित्रका धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गरी आन्तरिक पर्यटन प्रवर्द्धनको लागि पर्यटन गुरुयोजना तयार गर्न पहल गरिनेछ। साथै पर्यटकीय क्षेत्रको पुर्वाधार निर्माणमा जोड दिईनेछ।
- कला र संकृतिको धनी पूर्वखोला गाउँपालिका क्षेत्रमा रहेका परम्परागत कुडुले घरहरुको संरक्षण गर्ने नीति लिइनेछ। साथै संरक्षणको लागि सर्वेक्षण गर्ने कार्यको थालनी गरिनेछ।
- गाउंपालिका भित्रका सभावित पर्यटकीय स्थलहरुको रुपमा रहेका हात्तिलेक, चुरा मण्डली बराजू, विरकोटको निशानडाँडा,चूलीडाँडा, बुढीलेक, देवीनगरको भानुमाता, हेक्लाङको बाकुमगडी, रोङ्ढेङ भ्यू पोइन्ट, रिङ्नेरहको लोकेश्वर महादेव मन्दिर, जल्पाको ढोलीमाराको खांड देवी गुफा, चिडीयाघर मादले गुफा, करङडाडा, चुलीडाडा टिकेचुली अम्लिसो वगान, आदिलाई क्षेत्रगत आधारमा कमश प्रवर्द्धन गरिनेछ।
- गाउंपालिका भित्रका कला संस्कृतीको उचित संरक्षणमा जोड दिइनेछ।
- गाउंपालिका भित्र रहेका ऐतिहासिक गढी गुफा र धार्मिक पर्यटन क्षेत्रलाई संरक्षण गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

## २. सामाजिक विकास

**क) शिक्षा तथा खेलकुद विकास**

- विद्यालय गुणस्तर सुधार र **Big School** अवधारणा अनुसार थालनी गरिएको विद्यालय समायोजनको कार्यलाई दिगो र भरपर्दो वनाउन विभिन्न योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक सुधारको लागि शिक्षक र विद्यार्थी संख्याको अनुपातमा अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको नतिजा सुधारमा शिक्षकले आफ्नो विषयको सिकाई उपलव्धी वृद्धिका लागि सम्वन्धित प्र.अ समक्ष कार्यसम्पादन करार गर्नुपर्ने नीतिलाई जोड दिइने छ ।
- मातृभाषाको शिक्षा संचालन गर्ने विद्यालयहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्थालाई निरन्तरता गरिनेछ ।
- वडा स्तरमा एक एक वटा नमुना विद्यालय वनाउनको लागि आवश्यक नीती अवलम्वन गरिनेछ ।
- विद्यालयमा किशोर किशोरी र अभिभावक आमा समूह वनाई विद्यालय शैक्षिक जागरण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न आधारभुत तह परिक्षामा सर्वोकृष्ट अंक ल्याउने दलित, आदिवासी जनजातीबाट एक छात्र तथा एक छात्रा पर्ने गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गाउंपालिका भित्रका सम्पूर्ण मा.वि र आधारभूत विद्यालयहरुको छात्राहरुलाई सेनिटरी प्याडको वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- आवश्यकता र औचित्यताको आधारमा पूर्वाधार सहितको वालविकास केन्द्रहरु संचालनमा ल्याउन पहल गरिनेछ ।
- विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई पेशागत दक्षता अभिवृद्धिको लागि सूचना प्रविधी सम्बन्धी तालिममा जोड दिइनेछ ।
- गाउंपालिका तहमा विद्यालय विद्यालय विच शैक्षिक अन्तरकृयाका कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिको क्षमता विकासको लागि पहल गरिनेछ ।
- विद्यार्थीहरुलाई अध्ययनमा सहयोग पु-याउनको लागि विद्यालयको पुस्तकालयहरुलाई अझै व्यवस्थित गर्दै इ-पुस्तकालय विकासको लागि क्रमशः पुर्वाधार विकास गर्न पहल गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अविभावक बीच अन्तरकृया कार्यक्रम संचालन गरिनेछ ।
- पूर्वखोला गाउँपालिकाको एक मात्र कलेज उद्वुद्ध कलेजलाई गुणस्तरीय बनाउनको लागि अनुदान कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा शैक्षिक उपलव्धी वृद्धि गर्न विभिन्न तहका सरोकारवाला निकाय तथा दातृ निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।
- आधाभूत तहको परिक्षामा गाउंपालिकामा उत्कृष्ट नतिजा दिने विषय शिक्षकलाई मापदण्ड वनाई सम्मान गरिनेछ ।
- दरवन्दी मिलान कार्य सम्पन्न गरी विद्यालयहरुलाई निश्चित मापदण्डको आधारमा समायोजन तथा पुनरव्यवस्थापन गर्ने नीति लिइनेछ ।
- विद्यालयका निजी शिक्षकहरुको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- लकडाउनको कारण विद्यालय नियमित रुपमा संचालन नहुंदाको अवस्थालाई मध्यनजर गर्दै वैकल्पिक सिकाईमा जोड दिइनेछ ।
- प्रभावकारी सिकाई वातावरणको लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भइसकेको हुंदा सम्पूर्ण विद्यालयहरुमा प्रभावकारी कार्यान्वयन गर्न जोड दिइनेछ ।
- शिक्षण सिकाइमा वैकल्पिक माध्यमहरुलाई अवलम्वन गर्न आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्दै लगिनेछ
- कोरोना लगायतका अन्य माहामारी रोगहरुको संक्रमणको अवस्थामा विद्यालय शिक्षालाई निरन्तरता दिनको लागि अन्य वैकल्पिक सिकाई पद्धति अवलम्वन गरिने नीति लिइनेछ ।
- वालवालिकाको शिक्षामा पहुंच सुनिश्चितता गर्न माध्यमिक विद्यालयहरुमा छात्रावास तथा शिक्षक निवासको प्रवन्ध मिलाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- यस गाउंपालिकामा स्काट आदर्श विकास गर्ने नीतिलाई प्राथमिकता दिइनेछ ।

## ख) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी

- स्वास्थ्य संस्थाले उपलव्ध गराउने भनी तोकिएका सबै आधारभूत स्वास्थ्य सेवाहरु सम्पूर्ण जनताको पहुंचमा पु्याउने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि गाउंपालिकामा भौतिक पूर्वाधार व्यवस्थापन र जनशक्ति व्यवस्थापन गरी प्रभावकारी रुपमा कोभिड अस्पताल संचालनमा ल्याइने छ ।

- स्वास्थ्य सेवाको पहुंच नपुगेको क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउंपालिका क्षेत्रमा रहेका अति विपन्न तथा दलित घर परिवारलाई स्वास्थ्य उपचारमा सहयोग पु-याउन **स्वास्थ्य विमा कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।
- कोरोना भाइरस ( COVID - १९ ) वाट बच्ने उपाय, विदेशवाट समुदायमा आएका व्यक्तिहरुलाई अनिवार्य रुपमा क्वारेनटाइनमा बस्नु पर्ने व्यबस्था मिलाइ सबैको VTM बिधिबाट PCR जाँच गर्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।
- अग्रस्थानमा काम गर्ने स्वास्थ्यकर्मीहरु, आइसोलेसन, क्वारेनटाइन ,प्रयोगशाला र फिवरक्लिनिकमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई उच्च मनोबलका साथ काम गर्न प्रोत्साहन स्वरुप जोखिम भत्ताको व्यबस्था गरिने छ ।
- स्वास्थ्य चौकीहरुमा संचालित प्रसुति केन्द्र थप व्यवस्थित गरिनेछ । यस वर्ष पनि वडामा सुरक्षित मातृत्व सचेतना कार्यक्रम संचालन गरी शून्य होम डेलिभरी थप सुनिश्चिता गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।
- २४ पटक तौल लिने बच्चाको अभिभावकलाई पुरस्कृत गरी वृद्दि अनुगमनलाई नियमित गराई कुपोषित बच्चा रहित गा.पा. बनाउन पहल गरिनेछ ।
- गाउँपालिका भित्रका किशोर किशोरीहरुको स्वस्थ्य सचेतना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्य सम्पादन मूल्यांकन गरी उत्कृष्ट कार्य गर्ने लाई पुरस्कृत गर्न जोड दिइनेछ ।
- गर्भवतीहरु चार पटक गर्भ जाँच गर्न जाँदा एक क्यारेट अण्डा उपहार दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका अपांग र ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर दैलोमा गई स्वास्थ्य सेवा उपलब्ध गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- सुनौलो हजार दिनको आमा तथा वाल वालिकाहरुको पोषण सुधारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सवै स्वास्थ्य चौकीहरुमा जनस्वास्थ्य प्रयोगशाला स्थापनाको लागि पहल गरिनेछ ।
- संस्थागत सुत्केरीलाई दिदै आएको प्रोत्साहन स्वरुपको रकम प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **उपाध्यक्ष संग सुत्केरी कार्यक्रमको** थालनी गरी सुत्केरी पश्चात ३ र ७ दिनमा सुत्केरीलाई घरमा गई भेट्ने (PNC) कामलाई निरन्तरता दिइनेछ ।
- गाउंपालिकामा रहेको कोभिड अस्थाई अस्पताललाई कोरोना पश्चात १० शैयाको अस्पताल स्थापना गर्ने नीति लिइनेछ । साथै संघीय सरकारको आर्थिक सहयोगमा यसै गाउंपालिकाको वडा नं ५ स्थित विरकोटमा निर्माणाधिन १५ शैयाको अस्पताल निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।
- कोरोना भाइरस (कोभिड १९ ) रोकथाम नियन्त्रण र उपचारको लागि प्रकोप व्यवस्थापन कोषमा यथेष्ट वजेटको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनमा जोडदिइने छ ।
- गाउंपालिका स्थित सम्पूर्ण माध्यमिक विद्यालयहरुमा नर्सिङ स्टाफ राख्ने कार्यक्रमलाई जोड दिइनेछ ।
- आयुर्वेदिक सेवालाई विस्तार गर्दै यसको महत्ववारे चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- कम्तिमा एक वडा एक आयूर्वेद स्वास्थ्य शिविर कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।
- पूर्वखोला गाउँपालिका भित्र रहेका विभिन्न जडिवुटीहरुको पहिचान तथा महत्वका लागि चेतना अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ ।

**ग) महिला तथा बालबालिका सम्बन्धी**

- महिलाहरुको सिप विकास, क्षमता विकास, आयआर्जन तथा सशक्तिकरणमा जोड दिदै लैगिक हिंसाको लागि शुन्य सहनशिलतालाई अवलम्वन गर्दै लैगिक हिसां शुन्य गाउँपालिका बनाउने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिइनेछ ।
- **"विकास निर्माणमा महिला, इमान्दारीता र पारदर्शितामा पहिला"** भन्ने भावनाको साथ प्रत्येक योजनाको कार्यान्वयनमा महिला सहभागिता न्यूनतम ५०% पुऱ्याउन पहल गरिनेछ ।

- एकल महिलाहरुलाई विभिन्न आयमुलक कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मूख गरिनेछ ।
- असमान ज्यालालाई हटाउदै "***समान कामको लागि समान ज्याला***" को नीति अवलम्बन गरिनेछ ।
- ***"पूर्वखोला गाउंपालिका, सचेत वालवालिका "*** भन्ने नारालाई स्थापित गर्न वाल संजाल , वाल क्लवलाई सकृय वनाइ बालमैत्री कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।
- यस गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउनको लागि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- आर्थिक सामाजिक रुपले पछाडी परेको वर्ग तथा समुदायको हितको लागि लक्षित कार्यक्रम लगायत सिपमुलक, आयमुलक र रोजगारी मुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।
- यस गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययन कार्यमा प्रोत्साहनको लागि विभिन्न छात्रवृत्ती ,अध्ययन सहयोग सामाग्री आदी प्रदान गर्ने नीति लिइने छ ।

**घ) फरक क्षमता(अपांगता) तर्फ**

- फरक क्षमता (अपांगता) भएका ब्यक्तिहरुलाई सेवाप्राप्तीमा सहज पहुँचका लागि गाउँपालिकाका, वडा कार्यालय तथा अन्य सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्ग मैत्री वनाउँदै जाने नीति अवलम्वन गरिनेछ ।
- अपागंता भएका व्यक्तिहरुलाई अपांगताको वर्गिकरण अनुसार गाउँपालिकाको तर्फवाट थप राहत वितरणका कार्यक्रमहरु लागु गर्ने नीति लिइनेछ ।
- विद्यालयमा अध्ययन गर्न चाहने विद्यालय उमेरका फरक क्षमता भएका (दृष्टिविहीन, वौद्धिक अपांग, सुस्त श्रवण र सुस्त मनस्थिती) बालवालिकाहरुलाई गाउँपालिकाको सहयोग र अन्य विभिन्न निकाय संगको सहयोग र समन्वयमा अध्ययनको अवसर प्रदान गर्न पहल गरिनेछ ।
- अपांगता परिचय पत्र पाउन छुट भएका फरक क्षमताका व्यक्तिहरुको खोजिगरी घरदैलोमै परिचय पत्र दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै अपांगहरुलाई सहायक सामाग्री हस्तान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ङ) लक्षित (आदिवासी जनजाती, दलित,सिमान्तकृत, अल्पसंख्यक) वर्ग**

- लक्षित वर्गहरुको सिप, क्षमता विकास तथा आयआर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।
- लक्षितवर्ग अन्तर्गतका वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिमार्जन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलब्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी सरकारी सेवा तर्फ प्रेरित गर्न लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गर्न जोड दिइनेछ ।
- गाउंपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्न कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै उक्त कार्यक्रमलाई आयमुलक तथा सचेतनामुलक क्षेत्रमा परिचालन गर्न जोड दिइनेछ ।

**च) युवावर्ग :**

- युवावर्गमा भएको सिप तथा क्षमताको पहिचान गरि ***"गाउं विकासको लागि युवा अभियान"*** कार्यक्रम संचालन गरि युवाहरुलाई समाज सेवा प्रति प्रेरित गर्न जोड दिइनेछ ।
- खेलकुंदमा युवाहरुको वढ्दो आकर्षण भएको हुंदा युवाहरुको माग वमोजिम वडा तथा गाउँपालिका स्तरिय विभिन्न खेलकुंदका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- ***"स्वाभिमानको लागि युवा स्वरोजगार, पूर्वखोला विकासको आधार"*** लाई ध्यान दिदै यस पूर्वखोला गाउँपालिकाका युवाहरुलाई स्वरोजगार वनाउने कार्यक्रमहरु संचालन गर्न पहल गरिने छ ।
- एक वडा एक खेलमैदानलाई वडाको संभाव्यताको आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- विदेशवाट फर्केका युवाहरुलाई विभिन्न कार्यक्रम मार्फत उद्यमशिल वनाउन प्ररित गर्दै स्वरोजगार र आत्मनिर्भर गराउने कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

**छ) जेष्ठ नागरिक :**

- ***"घर घरमा जनप्रतिनिधी र कर्मचारीको सेवा, जेष्ठ नागरिक पूर्वखोलाको पेवा"*** लाई ध्यान दिदै जेष्ठ नागरिकहरुलाई चौमासिक रुपमा घर घरमै स्वास्थ्य सेवा दिइने कार्यलाई निरन्तरता दिइनेछ ।
- अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई विकासको क्षेत्रमा उपयोग गर्ने नीति लिइनेछ ।

- जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वडा तहमा जेष्ठ नागरिक अन्तरकृया कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- **अध्यक्ष संग जेष्ठ नागरिक कार्यक्रमको** शुरुवात गरी गाउंपालिका भरीका अशक्त असहाय तथा जेष्ठ नागरिकहरुलाई घरदैलोमा गई वर्षमा २ पटक स्वास्थ्य जांचको व्यवस्था मिलाइने छ ।

**ज) खानेपानी, सरसफाई तथा स्वच्छता तर्फ :**

- ❖ नेपाल सरकारको नीति अनुसार खानेपानी योजनाहरुमा **"एक घर एक धारा"** को कार्यक्रमलाई निरन्तरता दिदै गाउँपालिकाका हरेक घरमा **एक घर एक धारा** सम्पन्न गर्न प्रयत्न गरिनेछ ।
- ❖ ***"पूर्ण सरसफाई हाम्रो अभियान, पूर्वखोलाको पहिचान"*** लाई सार्थक तुल्याउनको लागि खानेपानी संगै पूर्ण सरसफाईका कृयाकलापहरु हरेक वडामा संचालन गरि पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने गरी यस वर्ष गाउँपालिकाको वडाहरुमा विशेष सरसफाई कार्यक्रम लागु गर्न पहल गरिनेछ ।
- ❖ यस गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्य योजनाको आधारमा खानेपानी तथा सरसफाईको कार्यलाई अगाडी वढाइने छ ।
- ❖ निर्माण भइसकेका तथा नयां निर्माण हुने खानेपानीका ठूला योजनालाई दिगो वनाउनको लागि मर्मत संभार कोष स्थापना गरी मर्मत संभारकर्ता तालिम संचालन गर्ने कार्यलाई जोड दिइनेछ ।
- ❖ गाउंपालिकाका भित्र अत्यावश्यक क्षेत्रहरुको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ सफा र स्वच्छ खानेपानीको लागि पानीको गुणस्तर परिक्षणलाई जोड दिइने छ ।

**झ) न्यायिक समितिको क्षमता विकासः**

- ❖ न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासको लागि समयानुकुल र विषयानुकुल क्षमता विकासको लागि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ वडा तहमा मेलमिलाप केन्द्र गठन गरि मेलमिलापकर्ताहरुको लागि तालिमको व्यवस्था मिलाउन पहल गरिनेछ । साथै वडावाट आउने विवादहरु सोही केन्द्र मार्फत निवारण गर्न जोड दिइनेछ ।
- ❖ गाउंपालिका स्थित मेलमिलाप केन्द्रको लागि पूर्वाधार युक्त वनाउन जोड दिइनेछ ।
- ❖ मेल मिलाप केन्द्रका पदाधिकारीहरुको क्षमता विकास कार्यलाई निरन्तरता दिइनेछ ।

**३. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन :**

- ✓ वातावरण संरक्षणको लागि गाउँपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक तथा निजी जग्गाहरुमा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- ✓ ***वातावरणमैत्री स्थानीय शासनका*** सुचकहरु अवलम्वन गर्दै वातावरण मैत्री गाउँपालिका निर्माणको लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याउने नीति अवलम्वन गरिनेछ ।
- ✓ फोहरमैलाको दीर्घकालिन समाधान तथा व्यवस्थापनको लागि जग्गाको (ल्याण्डफिल साइट) खोजी गरिनेछ ।
- ✓ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्वन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ गाउंपालिकामा विपद् व्यवस्थापन कोषमा आवश्यकता अनुसार वजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- ✓ वन संरक्षण, सम्वर्द्धन, डढेलो नियन्त्रण आदी कार्यक्रमको लागि सामुदायिक वन उपभोक्ता महासंघ गाउँ समितिसंग समन्वयात्मक रुपमा विभिन्न कार्यक्रमहरु संचालनको लागि पहल गरिने छ ।
- ✓ वातावरणीय सरसफाईको लागि प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई न्यूनिकरण गर्न तथा फोहरलाई उचित व्यवस्थापन गर्नको लागि विभिन्न महिला समूह, युवा क्लव,सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।
- ✓ निर्माण भएका मोटरवाटोको किनारामा मोटर वाटो उपभोक्ता समिति मार्फत वृक्षारोपण गर्न प्राथमिकता दिइनेछ ।
- ✓ नदी नियन्त्रण कार्य संगै हरियाली प्रवर्द्धनको लागि छिटो वढ्ने र पानी संचित गर्ने वैश आदी जातको विरुवा खोला किनाराका साथै पानीको मुहान क्षेत्रमा लगाई नदी नियन्त्रण तथा पानीको मुहान संरक्षण कार्यमा सहयोग पु-याउन पहल गर्दै पूर्वखोला संरक्षण कार्यक्रम संचालनमा ल्याइनेछ ।
- ✓ भू क्षय रोकथामको लागि समन्वयात्मक रुपमा गह्रा सुधार कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

**४. पूर्वाधार विकास**

**क) सडक निर्माण तर्फ :**

- गाउँपालिकाको केन्द्र देखी सवै वार्ड केन्द्रहरुलाई जोड्ने मोटरवाटोलाई सडक वर्गिकरणको आधारमा बाह्रै महिना सवारी संचालनको लागि सडकहरुको स्तरोन्नती गरीनेछ ।
- सडकको राष्ट्रिय मापदण्डलाई आधार मान्दै गाउँपालिकाले पारित गरेको सडक मापदण्डलाई अवलम्बन गरीनेछ ।

- छिमेकी स्थानीय तहहरु, प्रदेश तथा संघीय सरकार संग समन्वय गर्दै पूर्वाधार विकासको कार्यलाई अगाडी वढाइने छ ।
- पूर्वखोला गाउँपालिका भित्र रहेका महत्वपूर्ण वस्ती तथा वजार उन्मुख क्षेत्रका मुख्य सडकलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- निर्माण कार्यमा मानव जनशक्तिलाई प्राथमिकता दिई स्थानीय तहमा रोजगारीको अवसर श्रृजना गर्ने कार्यलाई जोड दिइनेछ ।
- पूर्वखोला सडक गुरु योजना निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- निर्माण भएका मोटरवाटोहरुमा निर्वाध रुपमा सवारी साधन संचालन तथा सडकको नियमित मर्मत संभारको लागि सडक मर्मत संभारकर्ताहरु परिचालन गरिनेछ ।
- सडक निर्माण गर्दा तल्लो किनारामा वृक्षारोपण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- पूर्वाधार निर्माण कार्यमा प्रयोग गर्नुपर्ने अत्यावश्यक उपकरणहरु खरिद गरी प्राविधीक कर्मचारीहरुको दक्षतामा वृद्धि गरिनेछ ।

**ख) विद्युत तथा संचार :**

- **"विकासको आधार, विद्युत र संचार"** लाई सार्थक वनाउनको लागि नेपाल विद्युत प्राधिकरण, दुरसंचार प्राधिकरण संग समन्वय गरी विद्युतिकरण तथा दुरसंचारको नेटवर्क सवल पर्ने कार्यमा आवश्यक समन्वय गरिनेछ ।
- आ.व ०७८।०७९ मा **"टुकि रहित गाउँपालिका"** घोषणा गरिनेछ ।
- काठका विद्युत पोलहरुको साटो फलामे विद्युत पोलहरुको प्रयोगमा जोड दिदै सोही अनुसार काठेपोल रहित गाउँपालिका वनाउन सामुदायिक विद्युत वितरक संस्थाहरु संग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्युतको गुणस्तर सुधार गरी लाइन गइरहने अवस्थामा सुधार ल्याउन विद्युत प्राधिकरण संग समन्वय गरिनेछ ।

**ग) सिंचाई तर्फ :**

- स्थानीय आवश्यकताको आधारमा सिंचाईको सुविधावाट वन्चित रहेको फाँटहरुमा सिंचाईको व्यवस्था मिलाई उत्पादनमा थप वृद्धि गरिनेछ ।
- भईरहेका सिंचाई प्रर्णालीको मर्मत तथा सुधार गर्दै श्रोतको उपलव्धता र आवश्यकताको आधारमा नयां प्रविधीमा आधारित सिंचाई प्रविधी (विद्युतीय तथा सौर्य प्रर्णाली)को व्यवस्था गरी उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मझौला र ठुला सिंचाई तथा जलासययुक्त सिंचाई योजनाको लागि संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- खोलाको उभारको कारण सिंचाई सुविधावाट वन्चित क्षेत्रमा सिंचाइको लागि लिफ्ट प्रविधीमा आधारित सिंचाई प्रणालीलाई अवलम्वन गरिनेछ । साथै खोलाको उभार वढाउनको लागि प्रदेश सरकारको सहयोगमा पूर्वखोला संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

**घ) अन्य पूर्वाधार निर्माण**

- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नहुंदा सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिन गाह्रो परेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माणको कायलाई अगाडी वढाइने छ । यसको लागि आगामी २ वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी संघीय सरकार संगको साझेदारीको लागि रु १ करोड विनियोजन गरेको छु ।
- वढ्दै गएको वजारिकरणलाई ध्यान दिदै नयाँ निर्माण गरिने भवनहरुमा भवन निर्माण मापदण्ड तयार गरी नक्शापासको अवश्यक व्यवस्था मिलाइने छ ।
- यस वर्ष देखि नयां निर्माण हुने घरहरुको लागि भवन निर्माण आचार संहिता लागु गरिनेछ ।
- पानीका मुलहरु पुर्नभरण ( रिचार्ज) गर्न एक वडा एक पोखरी निर्माण कार्यलाई अगाडी वढाइनेछ ।
- सपाहा र मंगला क्षेत्रमा जलासय निर्माण कार्यलाई अगाडी वढाउन प्रदेश सरकार संग समन्वय गरीने छ ।
- गाउंपालिका क्षेत्रका पूर्वखोला र लाम्दीखोलामा आवश्यक पर्ने मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ । साथै आवश्यकताको आधारमा खोला खोल्सीहरुमा झोलुंगे पुल तथा ट्रष्ट पुल निर्माणको लागि विभिन्न निकाय संगको समन्वयलाई निरन्तरता दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगार प्रवर्द्धनको कार्यलाई निरनतरता दिइनेछ ।
- हेक्लाङ स्वास्थ्य चौकीको सुविधा सम्पन्न भवन निर्माण कार्य यस वर्ष संघीय सरकारको विशेष अनुदानमा सम्पन्न गरिनेछ ।

- यस गाउंपालिका स्थित विभिन्न गाउं टोलमा आवश्यकताको आधारमा सामुदायिक भवन, प्रतिक्षालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउंपालिका तथा वडाहरुमा खेलकुंद विकासको लागि प्राथमिकताको आधारमा खेलमैदान र अन्य खेलकुंद संरचना निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- गाउंपालिकाकाको भौतिक पूर्वाधार निर्माणमा सहयोग हुने र आन्तरिक आयमा वृद्धि गराउने उद्धेश्यका साथ नदीजन्य पदार्थ उत्खनन् तथा खानीजन्य (ढुंगा खानी) पदार्थ उत्खनन्का लागि वातावरणिय प्रभाव मूल्यांकन गरी कार्यक्रम अगाडी वढाइने छ ।

**ङ) सूचना तथा संचार तर्फ :**

- ✓ वडा तथा स्वास्थ्य चौकीहरुमा इन्टरनेटको सुविधा थप गर्नको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- ✓ गाउंपालिकाका विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पु-याउन सामुदायिक रेडियो मार्फत रेडियो कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- ✓ पत्रकारीता र संचार जगत संग विकास र सुशासनमा सहकार्यलाई निरन्तरता दिइनेछ ।

**५. सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र :**

- यस गाउंपालिकाको आर्थिक श्रोत वृद्धिको लागि संघीय सरकार र प्रदेश सरकारसंग समपुरक र विशेष अनुदान सहयोग प्राप्त गर्नको लागि आवश्यक समन्वयात्मक कार्यलाई निरन्तरता दिइनेछ ।
- ***"सुस्पष्ट नीति र सरल कार्य पद्धती, सक्षम र असल नेतृत्व पूर्वखोलाको सम्पत्ति"*** यस नारालाई सार्थक वनाउन गाउँपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने विभिन्न सफ्टवेरको माध्यम द्धारा सेवाग्राहीहरुलाई चुस्त सेवा दिइ शुसासन प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाका कर्मचारीहरुको क्षमता विकासको लागि समयानुकुल विभिन्न क्षमता विकासका कार्यक्रमहरु आयोजना गरिनेछ ।
- औचित्यताको आधारमा गैर सरकारी संस्थाहरुसंग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।
- गाउंपालिकामा राम्रो कार्यसम्पादन गर्ने कर्मचारी, उत्कृष्ठ विद्यालय तथा शिक्षक र राम्रो निर्माण कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- जनता र प्रहरी विच सुमधुर सम्वन्ध स्थापित गर्नको लागि सामुदायिक प्रहरी कार्यक्रम संचालनलाई नियमित गर्न पहल गरिनेछ ।
- स्थानीय नागरिकहरुलाई गाउंपालिकावाट प्रदान हुने सेवामा गुणस्तरियता कायम गर्नको लागि विभिन्न सफ्वेरहरुको प्रयोग गरी शुसासन कायम गर्न जोड दिइनेछ ।
- आम उपभोक्ताहरुलाई सचेत गराउनको लागि उपभोक्ता सचेतना कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी गुणस्तरिय वस्तुको उपभोगको लागि वजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।
- संघीय सरकार, प्रदेश सरकार, गाउंपालिका तथा अन्य निकायवाट गाउंपालिकामा संचालन हुने विभिन्न योजना तथा कार्यक्रमको अनुगमनलाई निरन्तरता दिइनेछ ।
- पालिका स्थित सवै वडाका सरोकारवालाहरुलाई कर समवन्धि सचेतना कार्यक्रम संचालन गरी करको दायरामा ल्याउन पहल गरिनेछ ।
- गाउंपालिकावाट सवै वडाहरुमा व्यवसाय दर्ता, नविकरण लगाएत कार्यमा सहजताको लागि घुम्तीसेवाको आयोजना गरी नागरिकहरुलाई घर आगनमै सेवा प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।

**६). वित्तिय अनुशासन र सुशासन :**

- ➢ उपभोक्ता समितिको क्षमता विकासको लागि वडा तहमा तालिम कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- ➢ गाउंपालिकाको नाममा रहेको वेरुजु तथा पेश्की वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- ➢ शुसासन प्रवर्द्धनमा जोडदिन"**सिंहदरवारको अधिकार घर आँगन सम्म**"भन्ने सरकारको अवधारणा अनुसार गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने प्रर्णालीको विकास गरिनेछ ।
- ➢ वडा तह देखि गाउँपालिका तह सम्म सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, नागरिक वडापत्र आदिको माध्यमद्धारा वडा तथा गाउँपालिका तहमा शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।

- पूर्वखोला गाउँपालिकाका विकास निर्माणका गतिविधिहरु आम जनतासंग पु-याउन ***"पूर्व खोला विकास शन्देश"*** नामको वुलेटीन प्रकाशित गरिनेछ ।
- संस्थागत जवाफदेहिता कायम गर्न वार्षिक रुपमा वडा स्तरमा **जनतासँग अध्यक्ष साक्षात्कार कार्यक्रम** संचालन गरिनेछ ।

**श्रद्धेय गाउंसभा सदस्य ज्यूहरु,**

प्रस्तुत नीति अनुसारका कार्यक्रम तथा वजेटको कार्यान्यनबाट यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास तथा वातावरण संरक्षण संम्वर्द्धन मार्फत स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि हुने अपेक्षा गरिएको छ । त्यसैगरी गरिवी निवारण, आयआर्जनको यथोचित वातावरण सृजना भई पूर्वखोला गाउँपालिकाको चौतर्फी विकासमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस पूर्वखोला गाउँपालिकाको आ.व ०७८।०७९ को लागि नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमूल्य राय सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, राजनीतिक दल, कर्मचारी, शिक्षक, नागरिक समाज, पत्रकार जगत लगायत विभिन्न संघ संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य सुझाव दिनुहुने प्रदेश सभा सदस्य माननीय नारायण प्रसाद आचार्य ज्यू लगाएत सम्पूर्ण अतिथीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद

**नुन वहादुर थापा**
**अध्यक्ष**
पूर्वखोला गाउँपालिका, पाल्पा
मिति :२०७८।०३।१०